मिति: २०८२।०३।२९

श्रीमान् निर्वाचन आयुक्तज्यू
निर्वाचन आयोग
बहादुर भवन, काठमाडौं ।

बिषय: पार्टीको विधान विपरीतको कार्य बदर गरी पाउँ भन्ने ।

महोदय,

म निवेदक राष्ट्रिय प्रजातन्त्र पार्टीको विधान अनुसार नियुक्त पार्टीको वरिष्ठ नेता, केन्द्रिय सदस्य एवं केन्द्रिय अनुशासन समितिको अध्यक्ष भई कार्य गरी आएकोमा हाल मलाई पार्टीको विधान, नेपाल संविधान एवं राजनीतिक दल सम्बन्धी ऐन, २०७३ विपरीत भएको कार्य बदर गरी मेरो पदीय हैसियत यथावत कायम गरी पाउन उपयुक्त निर्णय, निर्देशन एवं परिपत्र गरी पाउन निम्न ब्यहोराको सादर निवेदन गर्नछु ।

१) राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपालको संविधानको धारा २६९ को उपधारा (२) एवं राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३ अनुसार निर्वाचन आयोगमा दर्ता भएको राजनितिक दल हो । यस दलले निर्वाचन आयोगमा दर्ता हुँदा संविधानको धारा १६९ को उपधारा (४) एवं राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५ समेतका ब्यवस्थाले तोकेका पार्टीको विधान लगायतका कागजातहरु पेश गरी निर्वाचन आयोगले विधान लगायतका कागजातहरु जाँचबुझ गरी संविधान र कानून अनुरुप भई राजनितीक दल दर्ता भएको तथ्यमा विवाद छैन ।

२) यस पार्टीको विधान २०४८ रहेकोमा पार्टीको मिति २०७८।०८।१७ मा सम्पन्न एकता महाधिवेशनले पारित गरेको संशोधित विधान २०७८ त्यस निर्वाचन आयोगमा दर्ता अभिलेख भएको र उक्त संशोधित विधान आजका मितिसम्म कायम रहेको छ। श्रीमान्को जानकारीका लागी उक्त विधानको एक प्रति यसै निवेदन साथ संलग्न गरेको छु ।

३) उक्त पार्टीको संशोधित विधान, २०७८ को धारा २४ ले पार्टीको केन्द्रिय निकाय र समितिहरुको ब्यवस्था गर्ने क्रममा देहाय खण्ड (छ) मा अनुशासन समिति समेत रहेको र धारा ४४ ले अनुशासन समितिको गठनको ब्यवस्था गर्दै उपधारा (१) मा अनुशासन समितिमा केन्द्रिय समितिका सदस्य मध्येबाट अध्यक्ष १ तथा सदस्यहरु ४ रहने र अध्यक्ष केन्द्रिय कार्य सम्पादन समितिको पदेन सदस्य हुने र धारा ५९ अनुसार यस प्रकारका सवै तहका समितिका सदस्य र परिषद सदस्यको पदावधि ४ बर्षको हुने र विधान बमोजिम सम्बन्धीत महाधिवेशन, परिषद र कार्य समितिको निर्वाचन नभएसम्म बहाल रहने गरी पदावधि किटान गरिएको छ ।

CS CamScanner

४) म निवेदक पार्टीको केन्द्रिय सदस्य भएकोले मलाई पार्टीको संशोधित विधान, २०७८ अनुसार मिति २०७८।११।०९ मा अनुशासन समितिको अध्यक्षको जिम्मेवारी प्राप्त भई पार्टीले दिएको पदीय जिम्मेवारी प्रचलित कानून र पार्टीको विधान अनुरुप गरी आएको र उक्त नियुक्तीपत्र अनुसार मेरो कार्यकाल आगामी २०८२ साल फाल्गुण ८ गतेसम्म रहेको छ। पार्टीको अनुशासन समिति पार्टीका सबै तहका पदाधिकारी एवं पार्टी सदस्यहरुको तोकिएको आचरण र अनुशासन पालना भएको छ छैन भनी जाँचबुझ गर्ने, हेर्ने, दलका काम कारवाही विधान अनुसार भएको छ छैन हेर्ने र तत् सम्बन्धमा विधानको उलंघन भएमा वा आचरण र अनुशसान पालना नगरी उलंघन भएको ठहर भएमा विधान अनुसारको कारवाही गर्ने अख्तियार प्राप्त विधान अनुसार गठित स्थायी प्रकृतिको समिति हो भन्ने कुरामा विवाद छैन । यस प्रकारको गठन दायित्व र जिम्मेवारी समितिलाई प्राप्त भएकै कारणले यसका सदस्य एवं अध्यक्षको कार्यकाल विधानमै निर्धारण गरिएको निर्विवाद छ ।

५) यसरी पदावधि किटान गरिएको पदमा नियुक्त भएको व्यक्तिको हकमा प्रचलित कानून र पार्टीको विधान विपरीत कार्य गरी पार्टी सदस्यबाट निष्काशन गरिएको वा हटाएको अवस्थामा बाहेक पार्टीको अध्यक्षको एकल निर्णयले पदावधि अगावै हटाउने र हटाएको स्थानमा अर्को व्यक्तिलाई नियुक्त गर्ने अधिकार विधानले अध्यक्षलाई दिएको छैन र त्यस्तो कार्य भए गरेमा पार्टीको विधान विपरीतका काम कारवाही उपरको उजुरी लिने, जाँचबुझ गर्ने र विधान विपरीत भए गरेका काम कारवाही उपर निर्णय गरी पार्टीलाई निर्देशन दिने समेतका क्षेत्राधिकार निर्वाचन आयोग ऐन, २०७३ र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ ले निर्वाचन आयोगलाई प्रदान गरेको छ ।

६) यसै पृष्ठभूमी र पार्टीको विधानको उल्लेखित व्यवस्था अनुसार म निवेदक मिति २०७८।११।०९ मा पार्टीको अनुशासन समितिको अध्यक्षमा नियुक्ती भई कार्य गरी आएको र विधान अनुसार मेरो पदीय ४ बर्षे कार्यकाल बाँकि नै रहेको अवस्थामा हाल मलाई पार्टीको अनुशासन समितिको अध्यक्ष पदबाट हटाएको भन्ने तथ्य बिभिन्न समाचार एवं अनलाईन न्यूज मार्फत समाचार संप्रेषण हुन गएकोले यस सम्बन्धमा पार्टीका प्रवक्ता तथा पार्टी कार्यालयको सचिवालयमा सम्पर्क गरी सोधपुछ गर्दा तत् सम्बन्धमा अध्यक्षसँग सम्पर्क गरी जवाफ दिने भनी मौखिक जानकारी गराउनु भएको र पुनः ताकेता गरी तत् सम्बन्धमा चासो राख्दा प्रकाशीत समाचार, अनलाईन न्यूजको खण्डन गर्ने र मलाई हटाएको छैन, होईन भनी कुनै जवाफ नदिने र मलाई हटाएको भन्ने विधिवत पत्र सूचना आदी कुनै नदिएको नपठाएको बरु यस सम्बन्धी निर्णय काम कारवाही पार्टीका अध्यक्षबाट भएको भनी मौखिक जानकारीसम्म गराएकोले तत् सम्बन्धमा मलाई हटाउनु आधार कारण सहितको पत्र एवं सूचना पाउँन पार्टीको सचिवालयमा निवेदन गर्दा सचिवालयले मेरो निवेदन समेत दर्ता नगरेकोले श्रीमान् समक्ष पार्टीको विधान विपरीत भएको कार्यको सम्बन्धमा यो उजुरी निवेदन लिई उपस्थित भएको छु ।

७) म निवेदक पार्टीको अनुशासन समितिको वैधानिक अध्यक्ष रहेको, विधानले तोकेको पदावधि र कार्यकाल बाँकि नै रहेको र म स्वयंले पार्टीको विधान विपरीतको कुनै कार्य नगरी पार्टीको वरिष्ठ नेता एवं केन्द्रिय सदस्यको पदमा यथावत नै रहेको र केन्द्रिय सदस्यको हैसियतबाटै अनुशासन समितिको अध्यक्षको जिम्मेवारी प्राप्त भई विधान अनुसारको पदीय जिम्मेवारी निर्वाह गरी आएको अवस्था हुँदा मलाई अनुशासन समितिको अध्यक्षबाट हटाउने, मेरो स्थानमा अर्को व्यक्तिलाई तोक्ने समेतका काम कारवाही निर्णय पार्टीको विधान विपरीत रहेकोले यस सम्बन्धमा पार्टीका जिम्मेवार

CamScanner

पदाधिकार एवं पार्टी केन्द्रिय समितिका अध्यक्षज्यूबाट तत्काल लिखित प्रतिक्रीया लिई विधान विपरीत हटाउने र पदपूर्ति गर्ने लगायतका काम कारवाही बदर गरी अनुशासन समितिको अध्यक्ष पदमा यथावत बहाली हुने गरी उपयुक्त निर्णय एवं निर्देशन जारी गरी पाउन सादर अनुरोध गर्दछु ।

निवेदक

नवराज सुवेदी
बरिष्ठ नेता, केन्द्रिय सदस्य एवं
अनुशासन समितिको अध्यक्ष

संलग्न
(क) पार्टीको संशोधित विधान २०७८
(ख) अनुशासन समितिको अध्यक्ष पदको जिम्मेवारी प्राप्त मिति २०७८।११।०९ को नियुक्तिपत्र ।

CamScanner

राष्ट्रियता ! प्रजातन्त्र!! उदारवाद!!!

# राष्ट्रिय प्रजातन्त्र पार्टी

केन्द्रीय कार्यालय
चारुमति विहार, चाबहिल, काठमाडौं

प.सं.:-
च.नं.:- ८६/०७८/७९

मिति : २०७८ फागुन ९ गते

श्री नवराज सुवेदी ज्यू,
वरिष्ठ नेता तथा केन्द्रीय सदस्य

## विषय : मनोनयन गरिएको बारे ।

राष्ट्रिय प्रजातन्त्र पार्टी को विधान बमोजिम तपाईलाई पार्टीको केन्द्रीय अनुशासन समितिको **अध्यक्ष पदमा** मनोनयन गरिएको सहर्ष जानकारी गराउँदछु । पार्टीलाई अनुशासित, मर्यादित वनाउन र पार्टीको हित विपरीतका गतिविधिलाई निरुत्साहित गर्न, पार्टीको बृहत्तर हितमा कार्य गर्नुहुनेछ भन्ने विश्वास लिएको छु ।

तपाईलाई हार्दिक बधाई तथा शुभकामना !

**सदस्यहरु :-**

१. वरिष्ठ अधिवक्ता राजु वस्नेत
२. प्रवक्ता भक्ति प्रसाद सिटौला

राजेन्द्र लिङ्देन
अध्यक्ष

फोन नं. ०१-४४७१०७१, ०१-४५६०३२४,४४३०६३५, फ्याक्स नं.:०१-४४२४१४०,४४७४९६४
ईमेल: rpp2073@gmail.com/rppcenter48@gmail.com,वेभसाईट:www.rpp.org.np